म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- ११४ २०८० फागुन ३० गते बुधबार 13 March 2024, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-

डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध।

वनमा आगो लगाउनेलाई वन ऐन– नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैँयासम्म जरिवाना वा दुवै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगो लागि हुन सक्ने कार्य नगर्न नगराउनु हुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढेँलो लागेको देखिएमा सबै समुदाय मिली तत्काले डढेँलो निभाऔं । डढेँलो नियन्त्रणमा आउन नसके वन समूह,नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं ।

डिभिजन वन कार्यालय, मकवानपुर

## बागमती प्रदेशसभा बैठक

# प्रदेश हस्तकलाग्राम विधेयक छलफलमा पठाउने प्रस्ताव पारित

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशमा प्रदेश हस्तकलाग्रामको स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८० लाई दफाबार छलफलका लागि समितिमा पठाउने प्रस्ताव पारित भएको छ। मंगलबार प्रदेश सरकारका मुख्यमन्त्री शलिकराम जम्मकट्टेलले प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८० लाई दफाबार छलफलका लागि समितिमा पठाउन प्रदेशसभामा पेश गर्नुभएको हो ।

प्रदेशसभा बैठकमा मुख्यमन्त्री जम्मकट्टेलले उक्त विधेयक उद्योग, पर्यटन तथा वातावरण समितिमा पठाइयोस् भन्ने प्रस्ताव पेश गर्नुभएको थियो । बैठकमा सभामुख भुवनकुमार पाठकले विधेयक सर्वसम्मत समितिमा पठाउने प्रस्ताव पारित गरेको प्रदेशसभासमक्ष जानकारी गराउनुभएको हो । बैठकमा सभामुख पाठकले प्रदेश प्रमुख यादवचन्द्र शर्माबाट कार्यभार तोकेको पत्र सभामा पेश गर्नुभएको थियो ।

सभामुख पाठकले आर्थिक मामिला तथा योजनामन्त्री बहादुर सिं लामा, उद्योग वाणिज्य भूमि तथा प्रशासनमन्त्री रामकृष्ण चित्रकार, स्वास्थ्यमन्त्री उत्तम जोशी, वन तथा वातावरण मन्त्री मसिना खड्का, संस्कृति पर्यटन तथा सहकारीमन्त्री पुकार महर्जन र खानेपानी ऊर्जा तथा सिँचाइमन्त्री तीर्थ लामाले पदबाट राजीनामा दिनुभएको जानकारी गराउनुभएको हो । नेपाली कांग्रेसबाट मन्त्री बन्नुभएका ६ जना मन्त्रीको राजीनामापछि मुख्यमन्त्री जम्मकट्टेलको सिफारिसमा उक्त मन्त्रालयको कार्यभार प्रदेशप्रमुख शर्माले मुख्यमन्त्री जम्मकट्टेललाई नै प्रदान गर्नुभएको सभामुख पाठकले जानकारी गराउनुभयो ।

बैठकमा प्रदेशसभाअन्तर्गत् बजेटबारे बहस गर्न गठित विशेष संसदीय समितिले प्रतिवेदन पेश गरेको छ । समितिका संयोजक गोविन्द लम्सालले सभा बैठकमा प्रतिवेदन पेश गर्नुभएको हो । प्रदेशसभामा बागमती प्रदेशसभाको फागुन १७ गतेको बैठकको निर्णयअनुसार गठित समितिले प्रदेशसभाको बैठकमा चालु आर्थिक वर्षको बजेट पास गर्नुपूर्व मुख्यमन्त्री र आर्थिक मामिला तथा योजनामन्त्रीले प्रतिबद्धता जनाएअनुसारका योजनाहरु कार्यान्वयन नभएको उल्लेख गरिएको छ । गत असार २० गते प्रदेश मन्त्रिपरिषद्को निर्णयअनुसार आर्थिक मामिला तथा योजना मन्त्रालयमा प्रस्तावित बजेटसहितका आयोजनाका सूची कार्यान्वयनका लागि निर्देशनसहित पठाएकोमा हालसम्म प्रदेश सरकारबाट ती आयोजनाहरु कार्यान्वयन नगरिएको समितिले प्रतिवेदनमा उल्लेख गरेको छ ।

यस्तै, संलग्न सूचीबमोजिमका आयोजना सम्बन्धित विषयगत मन्त्रालय तथा निकायले मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टी गर्ने र आर्थिक मामिला तथा योजना मन्त्रालयले सोका लागि आवश्यक सहजीकरण र समन्वय गर्न पनि समितिले सुझाएको छ। आयोजनामा प्रस्ताव गरिएको बजेट आर्थिक मामिला तथा योजना मन्त्रालयले अर्थ विविध र अन्य उपयुक्त शीर्षकअन्तर्गतको पुँजीगततर्फ विनियोजित रकमबाट र कमान्तर गर्ने व्यवस्था गर्न, विषयगत मन्त्रालय तथा निकायले आफूअन्तर्गत र सम्बन्धित विषयगत कार्यालयहरुमार्फत् उल्लेखित आयोजनाहरुको नियमअनुसार कार्यान्वयन गर्ने गराउनेबारे समितिले निर्देशन दिन भनिएको छ ।

मन्त्रालयअन्तर्गतको बजेट आयोजनाहरुले प्रचलित नियमबमोजिम कार्यान्वयन गर्न सक्ने हुँदा सोहीअनुसार गरी पुँजीगत खर्च गर्न गराउन प्रदेश सरकारलाई निर्देशन दिन सिफारिस गरेको छ। सिफारिस योजनाहरु कार्यान्वयन कार्यक्रमहरुको हकमा चैतको पहिलो साताभित्र कार्यान्वयन गर्न समयसीमा तोकेर सरकारलाई निर्देशन दिन प्रतिवेदनमा भनिएको छ । प्रदेशसभाको अर्को बैठक बुधबार दिउँसो ३ बजे बस्ने गरी सभामुख पाठकले बैठक स्थगित गर्नुभएको हो ।

## स्व. अष्टकुमारी स्मृति टी-२० क्रिकेट

# नेशनल इन्फोटेक कलेजले जित्यो उपाधि



उपाधिसाथ नेशनल इन्फोटेक कलेजको क्रिकेट टिम ।

समाज संवाददाता

हेटौँडाः जेसीआई हेटौँडाको आयोजनामा भएको स्व. अष्टकुमारी शाक्य स्मृति टी-२० क्रिकेट प्रतियोगिताको उपाधि पर्सा जिल्लाको बीरगन्जस्थित नेशनल इन्फोटेक कलेजले जितेको छ । हेटौँडा-४ स्थित हुप्रचौरमा मंगलबार भएको फाइनल खेलमा घरेलु टोली हेटौँडा-४ स्थित हेटौँडा स्कुल अफ म्यानेजमेन्टलाई ४ विकेटले हराउँदै बीरगन्जको नेशनल इन्फोटेक कलेजले उपाधि जितेको हो ।

टस जितेर पहिलो व्याटिङ गरेको म्यानेजमेन्टले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १ सय २० रन बनाएको थियो । म्यानेजेमेन्टबाट युविन बुढाथोकीले सर्वाधिक ४९ रन जोड्न सफल भए । राजा अहमदले २५ रन र विशाल फुँयालले २२ रन जोडेको थियो । गौरव श्रेष्ठले ६ रन मात्र योग्दान दिए । बलिङतर्फ नेशनल इन्फोटेक कलेजका अरवाज अन्सारीले २ विकेट लिए । यस्तै सलमान अलि मनसुरी, एमडी सरिफ अन्सारी र अरवाज हुसेनले समान १-१ विकेट लिएका थिए ।

हेटौँडा स्कूल अफ म्यानेजमेन्टले दिएको १ सय २१ रनको लक्ष्य पछ्याएको नेशनल इन्फोटेक कलेजले १९ ओभर १ बलमा ६ विकेट गुमाउँदै लक्ष्य भेट्टायो । नेशनल इन्फोटेक कलेजबाट मनथन यादवले सर्वाधिक ४३ रनको योगदान गरे । एमडी सरिफ अन्सारीले २३ रनको योग्दान दिन सफल भए । राहुल महतोले १६ रन, नितेश चौधरीले १५ रन, सफवान अलिले ११ रन र रुहुलहक अन्सारीले ६ रन बनाएका थिए । बलिङतर्फ हेटौँडा स्कुल अफ म्यानेजमेन्टबाट गुड्डु यादवले सर्वाधिक ३ विकेट लिएका थिए । यस्तै विशाल फुँयालले २ विकेट लिएका थिए । पंकज उपाध्यायले १ विकेट लिए । म्यान अफ द म्याच मन्थन यादव घोषित भएका छन् ।

प्रतियोगिताको उपाधि विजेता नेशनल इन्फोटेकको टिमले ५० हजार रुपैयाँ र उपविजेता हेटौँडा स्कुल अफ म्यानेजमेन्टको टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् । प्रतियोगिताको सर्वोकृष्ट खेलाडी घोषित हुँदै नेशनल इन्फोटेक कलेजका मनथन यादवले १० हजार रुपैयाँ प्राप्त गरेका छन् । यस्तै प्रतियोगिताको उत्कृष्ट व्याट्सम्यान म्यानेजमेन्टका युविन बुढाथोकी र उत्कृष्ट बलर नारायणी कलेजबाट अस्मित कुमार मण्डल घोषित हुँदै ५-५ हजार रुपैयाँ प्राप्त गरेका छन् । हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँले प्रदेश सरकारसँग सम्झौता गरेर खेलकुदको पूर्वाधार निर्माणका लागि पहल गर्ने बताउनुभयो ।

# दीर्घकालीन असर पर्ने काम नगर्न प्रमुख प्रतिपक्षी दलको माग

समाज संवाददाता

हेटौँडाः प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले बागमती प्रदेश सरकारसँग दीर्घकालीन असर पर्ने काम नगर्न माग गरेको छ। मंगलबार नेपाली कांग्रेस बागमती प्रदेशका संसदीय दलका उपनेता रामकृष्ण चित्रकारले संसदीय दलको कार्यालयमा पत्रकार सम्मेलन गर्दै वर्तमान सरकार काम चलाउ सरकार भएकाले दीर्घकालीन असर पर्ने काम नगर्न माग गर्नुभएको हो ।

संसदीय दलको बैठकले वर्तमान सरकार कामचलाउ रहेको ठहर गरेकाले नियमित कामबाहेक प्रदेश सरकारलाई दीर्घकालीन असर पार्ने कुनै पनि महत्वपूर्ण निर्णय नगर्न, संवैधानिक निकायमा रहेकालाई नियुक्त नगर्नसमेत सचेत गराएको उहाँले जानकारी गराउनुभयो । दलको बैठकले पछिल्लो राजनैतिक घटनाक्रमको विषयमा विभिन्न कोणबाट छलफल भएको उहाँको भनाइ छ। दलको बैठकले गरेका निर्णय प्रदेशसभा बैठकमा प्रस्तुत गर्ने भनेता पनि सरकारले पूरा गर्न नसन्ने भनि कार्यव्यवस्था बैठकमा जानकारी गराएकाले पत्रकारसमक्ष जानकारी गराउन परेको उहाँको भनाइ छ ।

दलको बैठकले फागुन २५ गते पार्टीका मन्त्रीहरुले राजीनामा दिएको र सोही दिनबाट सरकारलाई दिइएको समर्थन फिर्ता लिई बागमती प्रदेशसभामा प्रमुख प्रतिपक्षको भूमिकामा रहेर प्रभावकारी रुपमा कार्य गर्नेसमेत निर्णय गरेको उहाँको भनाइ छ । गत फागुन १७ गते संसदको पूर्ण बैठकले गठन गरेको संसदीय विषेश समितिले तयार पारेको प्रतिविदेन संसदमा तत्काल पेश गरी कार्यान्वयन गर्न प्रदेश सरकारसँग मागसमेत गरेको छ ।

## सभामुखलाई विशेष संसदीय समितिको प्रतिवेदन

# योजनाहरु छिटो कार्यान्वयन गराउन ध्यानाकर्षण




सभामुखलाई प्रतिवेदन बुझाउँदै विशेष समितिका पदाधिकारीहरु ।

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश सभा अन्तर्गत बजेटबारे बहस गर्न गठित विशेष संसदीय समितिले प्रदेश सभामुखलाई प्रतिवेदन बुझाएको छ । मंगलबार समितिका संयोजक गोविन्द लम्सालले बागमती प्रदेश सभाका सभामुख भुवन कुमार पाठकलाई प्रतिवेदन बुझाउनुभएको हो ।

बागमती प्रदेश सभाको फागुन १७ गतेको बैठकको निर्णय अनुसार गठित समितिले प्रदेश सभाको बैठकमा चालु आर्थिक वर्षको बजेट पास गर्नुपूर्व मुख्यमन्त्री र आर्थिक मामिला तथा योजनामन्त्रीले प्रतिबद्धता जनाए अनुसारका योजनाहरु कार्यान्वयन नभएको उल्लेख गरिएको छ। गत असार २० गते प्रदेश मन्त्रीपरिषद्को निर्णय अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालयमा प्रस्तावित बजेटसहितका आयोजनाका सुची कार्यान्वयनका लागि निर्देशनसहित पठाएकोमा हालसम्म प्रदेश सरकारबाट ती आयोजनाहरु कार्यान्वयन नगरिएको समितिले प्रतिवेदनमा उल्लेख गरेको छ। उक्त आयोजनाहरु प्रदेश सरकारबाट कार्यान्वयन गर्न बुधबारको प्रदेश सभाको बैठकबाट निर्णयसहित प्रदेश सरकारलाई दिन पनि भनिएको छ।

यस्तै संलग्न सूची बमोजिमका आयोजना सम्बन्धित विषयगत मन्त्रालय तथा निकायले मन्त्रालयगत बजेट सुचना प्रणालीमा प्रविष्टी गर्ने र आर्थिक मामिला तथा योजना मन्त्रालयले सोका लागि आवश्यक सहजीकरण र समन्वय गर्न पनि समितिले सुझाएको छ । आयोजना प्रस्ताव गरिएको बजेट आर्थिक मामिला तथा योजना मन्त्रालयले अर्थ विविध र अन्य उपयुक्त शिर्षक अन्तर्गतको पुँजीगततर्फ विनियोजित रकमबाट र कमान्तर गर्ने व्यवस्था गर्न, विषयगत मन्त्रालय तथा निकायले आफु अन्तर्गत र सम्बन्धित विषयगत कार्यालयहरुमार्फत उल्लेखित आयोजनाहरुको नियम अनुसार कार्यान्वयन गर्ने गराउनेबारे समितिले निर्देशन दिन भनिएको छ ।

यस्तै मन्त्रालय अन्तर्गतको बजेट आयोजनाहरुले प्रचलित नियम बमोजिम कार्यान्वयन गर्न सक्ने हुँदा सोही अनुसार गरी पुँजीगत खर्च गर्न गराउन प्रदेश सरकारलाई निर्देशन दिन सिफारिस गरेको छ। सिफारिस योजनाहरु कार्यान्वयन कार्यक्रमहरुको हकमा चैतको पहिलो साताभित्र कार्यान्वयन गर्न समयसीमा तोकेर सरकारलाई निर्देशन दिन प्रतिवेदनमा भनिएको छ। उक्त प्रतिवेदन मंगलबारको प्रदेश सभा बैठकमा प्रस्तुत हुने र प्रतिवेदनमाथि छलफल हुने संयोजक लम्सालले बताउनुभएको छ ।

# श्रेष्ठको आँखाको नानी संकलन

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-४ का बासिन्दा राजकुमार श्रेष्ठको आँखाको नानी संकलन गरिएको छ। ४० वर्षीय श्रेष्ठको आँखा सोमबार हेटौंडा सामुदायिक आँखा अस्पतालमा संकलन गरिएको अस्पतालका प्रशासकीय प्रमुख सुधीर श्रेष्ठले जानकारी दिनुभयो ।

हृदयघातको कारण मृत्यु भएको श्रेष्ठको आँखाको नानीको संकलन परिवारको इच्छा र आफन्तको समन्वयमा गरिएको हो । हेटौंडा सामुदायिक आँखा अस्पतालले हालसम्म २१ वटा आँखाको नानी संकलन गरिसकेको छ । संकलित आँखाको नानी आवश्यक भएको व्यक्ति, नानीमा समस्या भएर दृष्टिबिहीन भएका व्यक्तिलाई वितरण गर्ने गरिन्छ ।

आगोजन्य विपद्का घटनाहरू हुन नदिन सबैजनाले आवश्यक सतर्कता अपनाऔं ।

आगोजन्य विपद्का घटनाहरू हुन नदिन सबैजनाले आवश्यक सतर्कता अपनाऔं ।

- घरमा आगोजन्य सामग्रीहरू प्रयोग गरिसकेपछि राम्रोसँग बन्द गरौं ।
- ग्यास सिलिण्डर र रेगुलेटरको समयमा जाँच गरौं ।
- सिलिण्डर सुरक्षित र खुल्ला ठाउँमा राखौं ।
- पेट्रोल, डिजेल, मट्टीतेल जस्ता प्रज्वलनशील पदार्थ सुरक्षित स्थानमा भण्डारण गरौं ।
- विद्युतीय तार जाँच गरौं ।
- क्षमताभन्दा अधिक विद्युतीय सामग्री प्रयोग नगरौं ।
- धुम्रपान गरेपश्चात चुरोटको ठुटालाई राम्रोसँग निभाएर फाल्ने गरौं ।
- लाइटर, मैनबत्ती, सलाई र आगोजन्य सामग्री बालबालिकाको पहुँचबाट टाढा राखौं ।
- वनजङ्गलको वरपर आगो बाल्ने कार्य नगरौं ।
- प्लास्टिकजन्य फोहोरमैला जथाभावी नफालौं ।
- तपाईंको सानो लापरबाहीले ठूलो धनजनको क्षति हुन सक्छ त्यसैले आफू पनि आगोजन्य विपद्का बारेमा सचेत रहौं अरुलाई पनि सचेत गराऔं । यदि आगोलागी भएमा दमकलका लागि हेटौंडा उपमहानगरपालिकाको बारुणयन्त्र उपशाखामा समयमै खबर गरौं ।

टेलिफोन नम्बर ०५७-५२०६७७
टोल फ्री नम्बर १०१
बारुणयन्त्र इन्चार्ज ९८४५१०५१४७

# पर्या लघुकथा : मुसाको आन्दोलन






**डा. हिमलाल श्रेष्ठ**

अचम्मै भो आज। दिनहुँ धान खाएर हैरान पार्ने। भकारी प्वाल पारेर उठिबास लाउने । कुना काप्चा केही देख्न नहुने फोहर पार्ने। फ्रिज, बत्ती, पानी ताने पम्प हुँदा हुँदा गाडीको तार समेत काट्न भ्याउने त्यो मुसा, आज आन्दोलनरत छ।

त्यो गजक्क परेर दुलोबाट मलाई नै टुलुटुलु हेर्ने जब्बर मुसा आज आन्दोलनको नाइके रे। के सुन्नु परेको, के देख्नु परेको, होइन दिनभर लुकेर रातभर बिग्याइँ गर्दै छचन्नाउने यी मुसाहरूलाई आज किन डर नभएको ? ताजुब छ बा !

'मुसाको आन्दोलन छ रे' एक कान दुई कान हुँदै किस्सा झैँ फैलियो । सबै जना ताजुब बने।

'होइन के भयो यस्तो, मुसाको पनि आन्दोलन !'

ट्राफिक जाममा कुर्दा कुर्दा हैरान भएका अधबैँसेले भने, 'आन्दोलन भने पछि त केही माग पनि होला, माग चाहिँ के रहेछ मुसाको ?'

नजिक गएर आन्दोलनरत मुसाको नाइकेले बोकेको प्लेकार्डमा हेर्दै चस्मा भित्रबाट आँखा चिम्सा पार्दै बुढा बाले वाचन गरे -

- हाम्रो अधिकार खोस्न पाइँदैन !
- सुरुङ निर्माण संहिता लागु गर !
पहाड बचाऊ मुसा समूह ।

# विद्यालय

**सुबोध खनाल**

झोला बोकी पढ्न भनी विद्यालय आएँ
घरमा जस्तै माया मैले यहाँ पनि पाएँ ।

गुरुआमा गुरुबाले धेरै माया गर्ने
हाँसी खेली गरी सँगै पढ्न पनि पर्ने ।

अनुशासन गहना हो विद्यार्थीको साथी
मिहिनेत गर्नुपर्छ पुग्नलाई माथि ।

खेल्ने कुद्ने सँगसँगै पढ्नु पनि पर्छ
शिक्षाले नै हाम्रो देशको विकास पनि गर्छ ।

आमाजस्तै गुरुआमा बुबाजस्तै गुरु
असल मान्छे बन्नलाई आजै गर्छौं सुरु ॥

*जेनिथ इन्टरनेस्नल इङ्लिस स्कूल, हेटौँडा-५*

# विद्यार्थी परिचय



**सुमी थिङ**
**कक्षा-७, अमर मावि, हेटौँडा-१**

सुमी थिङ हेटौँडा-१ स्थित अमर माध्यमिक विद्यालयमा कक्षा-७ मा पढ्नु हुन्छ। सुमीको घर राक्सिराङ गाउँपालिका वडा नम्बर १ मा रहेको छ। उहाँ हाल हेटौँडा-११ थानाभन्याङमा मामाघरमा बसेर पढ्नु हुन्छ। उहाँको घरमा ममी, बाबा, भाई, बहिनी गरी ५ जना बस्नुहुन्छ।

सुमीको बाबा बिदेशमा हुनुहुन्छ र ममी गृहणी हुनुहुन्छ। सुमी अतिरिक्त क्रियाकलापको सुरुवाती चरणमा हुनुहुन्छ। सुमीको पढाई र कविता लेखन धेरै राम्रो रहेको छ। सुमी आफ्नो मनोरञ्जनका लागि कविता लेख्ने, कथा सुन्ने गर्नुहुन्छ। उहाँलाई अंग्रेजी विषय सजिलो लाग्छ र उहाँ धेरै अंग्रेजी पुस्तक पढ्नु हुन्छ।

उहाँको परीक्षामा राम्रो नतिजा आउने गरेको छ। उहाँले अझ परीक्षाका राम्रो नतिजा ल्याउनको लागि सबै विषयलाई ३०-३० मिनेटको रुटिन बनाएर पढ्नु हुन्छ। उहाँ भविष्यमा साहित्यकार बन्न चाहनुहुन्छ।

## भाइबहिनीका किताब

# यती भेट्ने केटी




लेखक: अनुराधा
चित्र: सोनाम तामाङ
प्रकाशक: काठमाडौँ पब्लिकेशन
मूल्य: रु. २५०/-
उमेर समूह: ६ वर्षदेखि १० वर्ष

यतीबारे हामीसँग थुप्रै कथाहरु छन्। धेरैजसो कथाले यतीलाई डरलाग्दो हिमाली जनावरको रुपमा चित्रित गर्छन्। यही यतीका बारेमा लेखक अनुराधाले लेख्नुभएको साहसिक पुस्तक हो 'यती भेट्ने केटी'।

मिग्मा र तासी यस कथाका मूल पात्र हुन् । चौँरी बाजेले उनीहरुलाई थुप्रैपटक यतीका डरलाग्दा कथा सुनाएका हुन्छन् । एकदिन मिग्मा आफ्नो फुच्चे चौँरी साथी योन्तेनसँग खेल्दै-खेल्दै माथी हिमालतिर पुग्छन् । अचानक हिमपहिरो आउँछ । योन्तेन त भाग्छ तर मिग्मा हिउँमा पुरिन्छे । त्यहीबेला अचानक मिग्माको अघिल्तिर यती आइपुग्छ। त्यस्तो डरलाग्दो यतीसँग मिग्माले कसरी सामना गर्छिन् होला त ? अनि भागेको योन्तेन कता पुग्छ होला ? यो किताबमा यही कथा बडो रमाइलो तरिकाले भनिएको छ।

चित्रकार सोनाम तामाङले खुब मिहिनेत गरेर कथालाई जीवन्त बनाउने खालका चित्रहरु कोर्नु भएको छ। नेपाली तथा अंग्रेजी भाषामा थुप्रै बालकथाहरु लेखिसक्नुभएका अनुराधाको यो कथा रोचक छ । आफैँ राम्ररी पढ्न नसक्ने भाइबहिनीलाई पनि अभिभावकले चित्र देखाउँदै कथा सुनाइदिँदा मज्जा हुन्छ । ६-७ वर्षदेखि १० वर्ष उमेर समूहका भाइबहिनीले त आफैँ पढेर रमाउन सक्छन् ।

अँ साँच्ची, छुर्पी बाजेलाई चाहिँ यतीका बारेमा यति धेरै कुरा कसरी थाहा भयो होला ?

यो जवाफ दिनुहुने मध्ये एकजनालाई हेटौँडा-४, भैरवरोडस्थित किताबघरको तर्फबाट एउटा रमाइलो बालपुस्तक उपलब्ध गराइनेछ । उत्तर चाहिँ ९८४५२८९७९० मा ह्वाट्सएप वा भाइबरमा पठाउन सकिनेछ है !

# चित्रकला






**रोशिका घिसिङ**
**कक्षा-७**
**श्री कमला आधारभूत बिद्यालय, हेटौडा-१८ , दोभानचौर**




**सुयोग श्रेष्ठ**
**कक्षा:- ४, ब्रम्हदिक् एकेडेमी, हेटौंडा-४**








**सञ्जय लोप्चन**
**कक्षा-६, मनकामना मावि, मकवानपुरगढी-४**






**दिपिका तितुङ**
**कक्षा-७, पशुपतिनाथ मावि, मनहरी-४**






**प्रशन्न ढकाल**
**कक्षा-३, नवोदय शिशु सदन, हेटौँडा-४**





**सम्मान घलान**
**कक्षा:- ४, ब्रम्हदिक् एकेडेमी, हेटौँडा-४**

# एक्लोपन



**सरोजप्रसाद साह**

यो एक्लोपन, यो न्यानो तन,
यो एक्लै छुटेको मन....
साथ छ, मेरो साथ छ, म सँगै छ,
मेरै आस छ ! २



हेर्दा हेर्दै साँझ गए....
दिन कयौं, रात ढले !!
उनलाई मिल्ने खुल्दुलीमा,
मेरा कति आस जले....
याद छ, मलाई याद छ,
म सँगै छ, मेरै आस छ !! २

यो एक्लोपन, निरास मन,
यो एक्लै टुटेको कण.....
साथ छ, मेरो साथ छ, म सँगै छ,
मेरै आस छ ! २

छट्पटिको, तितो बोली,
ओइल्याउन थालिसक्यो,
तिमीलाई मिल्ने आसामा,
गन्तव्य नै आइसक्यो !!!! २

नजिकै छ, मेरो साथ छ,
म सँगै छ मेरै आस छ.....
यो एक्लोपन, यो न्यानो तन,
यो एक्लै छुटेको मन....
साथ छ, मेरो साथ छ, म सँगै छ,
मेरै आस छ ! २

# कति पाना होला यो पुस्तकमा ?



**ग्रीष्मा खतिवडा**

कस्तो सम्बन्ध रहेछ पुस्तक र जीवनमा ?
कति जीवन लुकेका रहेछन्
ती हरेक पानामा ?

सोँच्छु, कति पाना टाढा होला
सफलताको अध्याय ?

पढ्दै गर्दा जीवन-पुस्तक
आँखाबाट,
कहिले उज्यालियो दृष्टि त कहिले बग्यो खोला

बिहानीको किरणसँगै सर्दै छ एक पाना
यी औंलाहरूले भेट्दै छन् नयाँ शब्द

एक हरफको अन्त्यपछि
जीवन कठिन भएझैँ लाग्न सक्छ
के थाहा,
अर्को हरफमा भेटिन सक्छन्
सुनौला अक्षरहरू

कति पाना कट्ला यति मोटो पुस्तकबाट ?

बनाउनु छैन मेरो पुस्तक श्यामश्वेत
सजाउनु छ इन्द्रेणी रङ्गले
र, केवल पढ्नु छैन कागजका ती अक्षरहरू
जोड्नु छ हरेक अन्तिम शब्दसँग सफलता

कहाँ छान्न पाइन्छ र पुस्तक !
रमाउनुपर्छ हरेक प्राप्तिमा
पढ्न जान्नुपर्छ प्रत्येक पाना
स्वीकार्न सिक्नुपर्छ हरेक अक्षर

के थाहा !
भर्खरै पढ्दा-पढ्दैको यही क्षण नै
हाम्रो पुस्तकको अन्तिम पाना हुने पो हो कि ?

*कक्षा-९, नवोदय शिशु सदन, हेटौँडा-४*

*(किताबघरले प्रथम वार्षिकोत्सवको अवसरमा आयोजना गरेको कविता प्रतियोगितामा उत्कृष्ट तीनमा पर्न सफल कविता ।)*

# प्रिय पुस्तक



**सुमिसा श्रेष्ठ**

फूलमा भमराहरूजस्तै
निःशब्द भुन्भुनाउँछन् मेरा आँखाहरू
लालित्यको वासना छर्दै शब्दपुष्पहरूमा
मोहित भैरहन्छु अलङ्कारका परागहरूमा
जीवन दुःख हो
सेता पन्नामा पोखिएका काला अक्षरहरूझैँ
जीवन सुख हो
काला अक्षरहरूभित्रका सुन्दर बिम्बहरूझैँ ।
भावनाका छालहरूमा
तरङ्गीत भएर स्वैरकल्पनामा
उडिरहन्छु माथि अझ माथि माथि
शब्दरहीत हुन्छु र तान्छु लामो श्वास
तिमीसँग बितेका हरेक पलहरू
म बाँचिरहेको छु
तिमी छुटेका पलहरू
सायद, म बाँच्न बिर्सिएर
हाँस्न बिर्सिएर
सासमा बाँचिरेको छु ।
खुसीको पर्याय के ?
आनन्दको अनुभूति के ?
अक्षर हो सुख
अक्षर हो आनन्द,
प्रिय पुस्तक
उज्यालो समेटिएको सूर्यझैँ
हावा समेटिएको सगरझैँ
पानी समेटिएको सागरझैँ
म समेटिएको छु तिम्रा पन्नाहरूमा
आमाको काखमा निदाए जस्तै
म बिउँझेको छु तिम्रो साथमा ।
अ देखि ज्ञ
अज्ञान देखि ज्ञान
सुरु देखि अन्त्य
हरेक शब्दका सम्बन्धहरूसँग
म अल्झिएको छु बाइमात्रा र तर्कुलेहरूसँग
ओ प्रिय साथी,
तिम्रो आराधना म के गरुँ
बोलुँ त शब्द तिमी
लेखुँ त अक्षर तिमी
तिमीमा हराएपछि
भेटाएको हुँ मैले आफूलाई
एउटा प्रश्न सोध्छु तिमीलाई
के म जस्तै तिमी पनि
मलाई भेट्टाएपछि
खुसी भएका छौ

*हेटौँडा मोडर्न सेकेण्डरी स्कुल*

*(किताबघरले प्रथम वार्षिकोत्सवको अवसरमा आयोजना गरेको कविता प्रतियोगितामा उत्कृष्ट तीनमा पर्न सफल कविता ।)*

# कोपिला र तारा



**आकांक्षा निरौरा**

फक्रँदै थियो कोपिला
झलमल्ल थियो उसको जीवन
रोज्दै थियो सत्मार्ग
अनि
छर्दै थियो मिठो सुवास
तर,
ऊ फसेछ एउटा जालोमा
पारेछ आफूलाई दर्दनाक लतमा
भुलाएछ फक्रन त्यही जालोमा फसी
र
रोएछ दिक्क मान्दै
ती अन्य कोपिलासरी उत्तम हुन नपाउँदा
पुगेछ क्षितिज पारी पीडै पीडामा डुबी
अनि चाहेछ नफक्रिकन ओइलाई झर्न
त्यो चिसो बताससँगै

तर, अन्त्यमा बदि्लयो उसले आफ्नो नियति
लाउँदा पीडाको गुहार
सुने ताराले उसको विडम्बना
पायो उसले आफूलाई 'प्रिय सुफी' र
'खुसी'जस्ता ताराहरूको चरणमा
त्यसपश्चात्,
रङ्गीन पाऱ्यो उसले आफ्नो जीवन
'सेतो धर्ती'लाई नियाली
'शिरीषको फूल'लाई पूजी

रम्दै गयो ऊ 'ह्यारी पोटर'को कथामा
रुदै गयो 'एनी फ्रैंक'को व्यथामा
झुम्न थाल्यो 'सोफीको संसारमा'
पायो फक्रन एउटा नवज्योति
भुल्न थाल्यो महाकवि र आदिकविका कवितामा

त्यसैले त आज हेर
त्यो कोपिला फक्रिएको छ
एउटा मनमोहक गुलाफ बनी
सङ्घर्ष, हर्ष र जीवनलाई नियालेको छ उसले
र
आज त्यो कोपिलारूपी युवक
कोसौं टाढा छ त्यो जालोरूपी सामाजिक सञ्जालबाट
व्यस्त छ ऊ तारारूपी पुस्तकका आस्थामा
जीवनदायिनी पुस्तकका आस्थामा

*कक्षा-९, ज्ञानदीप शिक्षा निकेतन, हेटौँडा-५*

*(किताबघरले प्रथम वार्षिकोत्सवको अवसरमा आयोजना गरेको कविता प्रतियोगितामा उत्कृष्ट तीनमा पर्न सफल कविता ।)*

# शिक्षा



**गरिमा धिताल**

शिक्षा नै हो ज्ञानको ज्योति
कम छैन मूल्य भन्दा हीरा-मोती
शिक्षकले छर्छ अने ज्ञानको दीप
सिकाउँछ हामीलाई अनेकौं सीप ।

जता ततै छ ज्ञानको कुरो
शिक्षा बिना हामी हुन्छौं अधुरो
जन्मदेखि मृत्युसम्म चाहिन्छ शिक्षा
गुरू वर्गसँग हामीले लिन्छौँ दीक्षा ।

शिक्षा लिन विद्यालय जान्छन् साना बाबु-नानी
पढेपछि बन्छौं बन्छौं हामी असल र ज्ञानी
छोराछोरी दुवैलाई धेरै पढाउनु पर्छ
पढी लेखी राम्रो बाटोमा अघि बढाउनुपर्छ

शिक्षा नै ही हामी सबको जिन्दगीको साथी
शिक्षा पाई बढ्छौँ हामी धेरै माथि-माथि
शिक्षा बिना जताततै छ अन्धकार
नपढेमा जीवन हाम्रो बन्छ बेकार ।

*कक्षा-४, बालजागृति इंग्लिस सेकेण्डरी स्कुल, हेटौँडा-२*

# किताब



**सुवांगी पौडेल**

कापी किताब झोलामा
माछा बस्छ खोलामा

चरा उड्छ भुरुरु
पुतली नाच्छ फुरुरु

किताब भित्र कथा छ
पढ्ने ठूलो धोको छ

सादा र रङ्गीन चित्र
मेरो किताब भित्र

किताब ज्ञानको भण्डार
सीकाउँछ राम्रो संस्कार

आजैबाट पढौं साथी
पुगिन्छ हेर माथि माथि

*कक्षा-४, बालजागृति इंग्लिस सेकेण्डरी स्कुल, हेटौँडा-२*

# नेपाली

**सिर्जना थापा मगर**

मेरो जात नेपाली
भाषा, धर्म, संस्कृति
विविधता, एकता
नेपालीको सभ्यता


हरियाली धेरै छ
हिमालले घेरेको छ
खोला-नाला बगेछ
शितलताले चुमेछ ।

छत्तिस जाते फुलबारी
सबै भेष उघारी
इतिहासले भरेको
गौतम बुद्ध जन्मेको

सगरमाथा हिमचुली
डाँफे नाच्छ नबोली
लोकगीत नृत्य छन्
दुख मर्का हट्नेछन् ।

*कक्षा-७, कमाने एकेडेमी, हेटौँडा-८*

# हामी साना बालक



**रेखा उपाध्याय**

हामी साना बालक
मिली गीत गाऔं न
चौरी खेल्ने लेकमा
सबै खेल्न जाऔं न

हाम्रा साना हातले
कापी, कलम बोकेर
पढ्न लेख्न जाऔं न
राम्रो मान्छे बनौं न ।

शिक्षकलाई सोधेर
नजानेको बुझौं न
हातेमालो गरेर
हामी अघि बढौं न ।

धेरै पढ्ने गर्दछौं
अघि अघि सर्दछौं
कापी, किताब पढेर
चित्र पनि कोर्दछौं ।

*कक्षा-७, कमाने एकेडेमी, हेटौँडा-८*

तपाईका साहित्यिक रचनाहरू समृद्ध समाज दैनिकमा प्रकाशन गर्ने ईच्छा भए
sambridhasamaj@gmail.com
समृद्ध समाज राष्ट्रिय दैनिक

# हेटौंडा मेयर कप फुटबल प्रतियोगिता चैत २४ गतेदेखि सुरु हुने

समाज संवाददाता

हेटौंडाः चौथो संस्करणको हेटौंडा उपमहानगरपालिकास्तरीय मेयर कप फुटबल प्रतियोगिता आगामी चैत २४ गतेदेखि हुने भएको छ। मंगलबार पत्रकार सम्मेलनको आयोजना गर्दै नगर खेलकुद विकास समितिका अध्यक्ष रवीन्द्रप्रसाद घिमिरेले प्रतियोगिताबारे जानकारी गराउनुभयो।

चैत २४ गते उद्घाटन हुने प्रतियोगिता हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा सञ्चालन हुनेछ। प्रतियोगितामा उपमहानगर भित्रका वडाबाट सिफारिस भएर आएका खेलाडी र टिमले मात्र सहभागिता जनाउन पाउने उहाँले बताउनुभयो। प्रतियोगितामा राष्ट्रिय टिममा परेका खेलाडीले भने खेल्न नपाउने उहाँले बताउनुभयो।

प्रतियोगितामा सहभागिता जनाउन आगामी चैत १५ गतेसम्ममा टिम दर्ता गराउनुपर्नेछ। त्यसपछि खेलकुद विकास समितिको बैठक बसेर खेल तालिका बनाउने उहाँले बताउनुभयो। यसपटक एसईई परीक्षालाई मध्यनजर गरेर प्रतियोगिता चैत अन्तिममा आयोजना गर्न लागेको उहाँले बताउनुभयो।

प्रतियोगिताको विजेता टिमले २ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले १ लाख ५० हजार रुपैयाँ प्राप्त गर्नेछन्। यस्तै, तृतीय हुने टिमले ५० हजार रुपैयाँ पाउने जनाइएको छ। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई १५ हजार रुपैयाँ र अन्य विधागत उत्कृष्टहरुले ५-५ हजार रुपैयाँ प्राप्त गर्नेछन्। प्रतियोगिताका लागि हेटौंडा उपमहानगर पालिकाले १५ लाख बजेट विनियोजन गरेको अध्यक्ष घिमिरेले बताउनुभयो।

पत्रकार सम्मेलनमा हेटौंडा-१ का वडाध्यक्ष एवम् उपमहानगरपालिकाका प्रवक्ता सविन न्यौपाने, युवा तथा खेलकुद शाखाका प्रमुख बसन्त सिटौला र खेलकुद विकास समितिका सदस्यहरुको उपस्थिति रहेको थियो।

# जिल्ला दुग्ध उत्पादक सहकारी संघको साधारणसभा सम्पन्न

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघको ३० औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। मंगलबार संघका अध्यक्ष हरिप्रसाद कँडेलको सभाध्यक्षता तथा प्रदेश सहकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष नारायणप्रसाद देवकोटाको प्रमुख आतिथ्यमा साधारणसभा भएको हो।

कार्यक्रममा सहभागीहरुले दूधको भुक्तानीमा भएको ढिलाई र दूध बिक्रीमा कमी हुँदै गएको विषयमा बृहत् छलफल भएको थियो। संघका अध्यक्ष कँडेलले प्रतिवेदन प्रस्तुत गर्नुहुँदै संघको समस्या नियमित दूध बिक्रीमा कमी आउनु र दूधको भुक्तानी समयमा नआउनुबारे जानकारी गराउनुयो। चरणबद्ध आन्दोलनपश्चात् केन्द्रीय संघ र सरकारबीच भएको सम्झौतामा पनि जिल्ला संघले केही बुँदामा असहमति जनाएको अध्यक्ष कँडेलको भनाइ छ।

प्रारम्भीक दुग्ध उत्पादक सहकारी संस्थाहरु लक्षित विभिन्न कार्यक्रमहरु गर्दै आएको बताउँदै कँडेलले जानकारी दिनुभयो। स्थानीय तहदेखि प्रदेश सरकारसम्म संस्था र किसानलाई यान्त्रिक उपकरण अनुदान र लिटर अनुदान उपलब्ध गराउन आवश्यक पहल गरिएको उहाँको भनाइ छ।

सभामा सहकारी बोर्डका कार्यकारी उपाध्यक्ष नारायणप्रसाद देवकोटाले दूध बिक्रीमा कमी आउनुमा खुला सिमानाको कारण रहेको दाबी गर्नुभयो। उहाँले राज्यले भारतीय बजारबाट अवैधरुपमा आएका दुग्धजन्य पदार्थ रोक्नुपर्नेमा जोड दिनुभयो। उद्योगीहरुको समस्या पहिचान गरी किसानको भुक्तानी समयमा गराउन आवश्यक पहल गरिएको बताउँदै सहकारी र किसानलाई आवश्यकताको आधारमा अनुदान दिने प्रणालीको विकास गर्दा थप प्रभावकारी देखिने बताउनुभयो।

सभामा संघका व्यवस्थापक कुमारमणि दाहालले संघको आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। उहाँले आर्थिक वर्ष २०७९/८० मा संघ र सिधै उद्योग गएको दूध गरी एक करोड ३८ लाख ७२ हजार ६०७ लिटर दूध खरिद गरेको जानकारी गराउनुभयो। उक्त दूधबापत ९७ करोड ३६ लाख ५७ हजार ८९४ रुपैयाँ सदस्य संस्थामा भुक्तानी गरिएको उहाँले बताउनुभयो।

गत आर्थिक वर्ष संघले १३ लाख ११ हजार २२१ रुपैयाँ खुद नाफा गरेको व्यवस्थापक दाहालले बताउनुभयो। उहाँले आर्थिक वर्ष २०८०/८१ को अनुमानित आम्दानी खर्च विवरणसमेत प्रस्तुत गर्नुभएको थियो। एक करोड १३ लाख शेयरपुँजी रहेको संघमा एक करोड २६ लाख ७२ हजार ३८० रुपैयाँ जगेडा कोष रहेको प्रतिवेदनमा उल्लेख छ। ४४ वटा दुग्ध चिस्यान केन्द्र सञ्चालन गरेको संघको कार्यालयमा ७५ हजार लिटर दूध भण्डारण क्षमता रहेको छ। संघद्वारा सञ्चालित दुग्ध प्रशोधन तथा विविधिकरण उद्योगबाट विभिन्न दूधजन्य पदार्थहरु उत्पादन गरी बिक्री वितरणसमेत गर्दै आइरहेको छ।

सभामा केन्द्रीय दुग्ध सहकारी संघका सदस्य विदुर हुमागाई, संघका निवर्तमान अध्यक्ष बासुदेव अधिकारी, सल्लाहकार खिलप्रसाद चौलागाई, राष्ट्रिय सहकारी बैंक हेटौंडा शाखाका प्रमुख रामेश्वर अर्याल, जिल्ला सहकारी संघका व्यवस्थापक गोविन्द दाहाल, लेखा समिति संयोजक बीरबहादुर गोलेलगायतको आतिथ्य रहेको थियो।

# मकवानपुरका तीन जना कृषकलाई राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार




पुरस्कृत कृषकसँगै आयोजक र अतिथिहरु ।

समाज संवाददाता

हेटौंडाः मकवानपुरका तीन जना कृषकलाई राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार प्रदान गरिएको छ। मंगलबार आयोजित एक कार्यक्रममा थाहा नगरपालिका-७ डाँडावासका ईमान सिंह थिङ, मनहरी गाउँपालिका-७, रमौलीकी मुना अर्याल र हेटौंडा-१७ का झम्कनाथ सुवेदीलाई राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार प्रदान गरिएको हो।

चालु आर्थिक वर्ष २०८०/०८१ को राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम अन्तर्गत मकवानपुर जिल्लाका ३ जना किसानलाई नगद २५ हजारसहित पुरस्कृत गरिएको हो। थाहा नगरपालिका-७ स्थित डाँडावास कृषि प्रालिका ईमान सिंह थिङ बाखा र तरकारी खेती गर्दै आउनुभएको छ। मनहरी गाउँपालिका-७, रमौलीस्थित रवि व्यावसायिक कृषि फार्म सञ्चालन गर्दै आउनुभएकी मुना अर्यालले कागती र ड्रागन खेती गर्दै आउनुभएको छ। त्यसैगरी, हेटौंडा-१७ स्थित बिविआर एग्रो प्रालिका झम्कनाथ सुवेदीले बोयर जातको बाखा पालन गर्दै आउनुभएको छ।

पशु सेवा कार्यालय मकवानपुरले आयोजना गरेको कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान र प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेडाईंले पुरस्कार वितरण गर्नुभयो। मकवानपुरका विभिन्न स्थानबाट ११ वटा प्रस्ताव मध्येबाट तीन जना कृषकलाई पुरस्कृत गरिएको पशु सेवा कार्यालयका प्रमुख डा. बज्रकिशोर ठाकुरले बताउनुभयो।

# पिप्ले-पोखरामा पुनः चौलागाई

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५ स्थित पिप्ले-पोखरा सामुदायिक वन उपभोक्ता समूहको अध्यक्षमा पुनः खडानन्द चौलागाई चयन हुनुभएको छ। मंगलबार सम्पन्न २४औं अधिवेशनबाट चौलागाईको अध्यक्षतामा सर्वसम्मत १५ सदस्यीय समिति गठन भएको हो।

समितिको उपाध्यक्षमा बद्रि प्रसाद लम्साल, सचिवमा शारदा अधिकारी, सह-सचिवमा ढलक भुजेल र कोषाध्यक्षमा रिता आचार्य चयन हुनुभएको छ। समितिमा ५० प्रतिशत महिलाको सहभागिता रहेको छ। नवनिर्वाचित समितिको कार्यकाल ४ वर्षको रहने छ। अधिवेशनको उद्घाटन समारोहमा वडाअध्यक्ष सुशील घिमिरे, सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुका अध्यक्ष साधुराम चौलागाईको पनि उपस्थिति रहेको थियो।

# राष्ट्रव्यापी खुला कविता प्रतियोगितामा सजल द्वितीय

समाज संवाददाता

हेटौंडाः भक्तपुर जिल्लाको चाँगुनारायण नगरपालिकाको प्रायोजन तथा चाँगुनारायण साहित्य समाजले आयोजना गरेको राष्ट्रव्यापी खुला कविता प्रतियोगिता सम्पन्न भएको छ। प्रतियोगितामा मकवानपुरका सुवास सजल द्वितीय भएका छन्।

प्रतियोगितामा सिन्धुपाल्चोकका सुन्दर शिरीष प्रथम हुनुभएको छ भने धनगढीका सुजक घिमिरे तृतीय हुनुभएको छ। प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः १० हजार, ७ हजार र ५ हजार रुपैयाँ पुरस्कार प्रदान गरिएको छ। प्रतियोगितामा सान्त्वना हुने दुई जनालाई २ हजार ५ सय रुपैयाँ प्रदान गरिएको छ।

समाजका अध्यक्ष लालबहादुर भुजेलको सभाध्यक्ष तथा इतिहासविद् प्रा.डा. दिनेशराज पन्तको प्रमुख आतिथ्यमा कविता प्रतियोगिता भएको हो। प्रतियोगितामा छानिएका २० जना कविहरुले आफ्नो कविता वाचन गरेका थिए। प्रतियोगिता सञ्चालन रामगोपाल आशुतोषले गर्नुभएको थियो। प्रतियोगितामा चाँगुनारायण नगर पालिकाका प्रमुख जीवन खत्रीको विशिष्ट आतिथ्य रहेको थियो भने चाँगुनारायण मन्दिरका मूल पुरोहित चक्रधानन्द, ४ नम्बर वडाध्यक्ष रोजबहादुर तामाङ, ३ नम्बर वडाध्यक्ष श्यामसुन्दर धिमालको पनि उपस्थिति रहेको थियो।

# चार जिल्लामा ५ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको दोलखा, धादिङ, चितवन र सिन्धुपाल्चोक जिल्लामा ५ जनाको मृत्यु भएको छ। बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले दिएको जानकारीअनुसार दोलखा जिल्लाको भिमेश्वर नगरपालिका-७, उखुबारीमा ट्वाइलेटमा लडेर एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ३० वर्षीया सुजता उप्रेती (कार्की) रहेको प्रहरीले जानकारी दिएको छ।

सोमबार दिउँसो ३ बजेर ३० मिनेटको समयमा आफ्नै घरको ट्वाइलेट गएकोमा अचानक कराएको आवाज सुनेपछि ढोका फोडेर हेर्दा सुजता अचेत अवस्थामा फेला परेकी थिइन्। उनलाई उपचारका लागि चरिकोट अस्पताल लैजाने क्रममा बाटोमा नै मृत्यु भइसकेको भनी डाक्टरले घोषणा गरेको प्रहरीले जानकारी दिएको छ।

भिमेश्वर नगरपालिका-७ कै भुलभुलेमा एकजनाको कंकाल फेला परेको छ। सोमबार बेलुका ७ बजेको समयमा गैरेगाउँबाट उत्तर पश्चिम चरनबती सामुदायिक वनको खोल्सामा कंकाल बरामद भएको हो। परिचय नखुलेको अन्दाजी १४ वर्ष जस्तो देखिने व्यक्तिको कंकाल बरामद भएको प्रहरीले जानकारी दिएको छ।

सिन्धुपाल्चोक जिल्लाको बलेफी गाउँपालिका-६, सिमपानीमा भिरबाट लडेर एकजना वृद्धको मृत्यु भएको छ। मृत्यु हुनेमा ८० वर्षीय चन्द्र बहादुर विक रहेको प्रहरीले जानकारी दिएको छ। सोमबार विक आफ्नै घरदेखि पर रहेको पाखो भिरको गोरेटोबाट ५० मिटर तल कच्ची सडकमा लडी घटनास्थलमा नै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

धादिङ जिल्लाको ज्वालामुखी गाउँपालिका-४, बडडाँडामा एकजना पुरुष मृत फेला परेका छन्। मृत फेला पर्नेमा ३० वर्षीय रामशरण भुजेल रहेको प्रहरीले जानकारी दिएको छ। भुजेल सोमबार दिउँसो ४ बजेर २० मिनेटको समयमा आफ्नै घरको आफुसुत्ने कोठाको भुईमा मृत अवस्थामा फेला परेका थिए।

यस्तै, चितवन जिल्लाको भरतपुर महानगरपालिका-३, बेलचोकमा एकजना पुरुष मृत फेला परेका छन्। मृत अवस्थामा भेटिएका व्यक्ति नवलपरासी जिल्ला हुप्सेकोट गाउँपालिका-२, गुहेरी घर भई बेलचोकमा डेरा गरी बस्ने २५ वर्षीय चुन बहादुर मसरांगी मगर रहेको प्रहरीले जानकारी दिएको छ। सोमबार राती ८ बजेर ३० मिनेटको समयमा मगर आफैं सुत्ने कोठामा घोप्टो परी मृत फेला परेका थिए।

# एमाले थाहाको अध्यक्षमा प्रधान

समाज संवाददाता

हेटौंडाः नेकपा एमाले थाहा नगर कमिटीको अध्यक्ष सुरेन्द्रमान प्रधान चयन हुनुभएको छ। पार्टी नगर कमिटीको तेस्रो अधिवेशनबाट प्रधान अध्यक्षमा चयन हुनुभएको हो।

अधिवेशनबाट प्रधानको अध्यक्षतामा ६७ सदस्यीय नगर कमिटी चयन भएको छ। कमिटीको उपाध्यक्षमा हेमकुमार थिङ, सचिवमा सुजन रायमाझी, उपसचिवमा तुलसा विष्ट र सूर्यबहादुर चयन हुनुभएको छ। नवनिर्वाचित कमिटीको कार्यकाल ३ वर्षको हुनेछ।

# गाँजा र चरेससहित २ जना पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले लागूऔषध गाँजा र चरेससहित २ जनालाई पक्राउ गरेको छ। प्रहरीले छुट्टाछुट्टै स्थानबाट गाँजा र चरेससहित एक-एक जनालाई पक्राउ गरेको हो।

मंगलबार बिहान इलाका प्रहरी कार्यालय नेवारपानीबाट खटिएको प्रहरी टोलीले ८४ किलो १ सय २० ग्राम गाँजासहित एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा बारा जिल्लाको जीतपुर-सिमरा उपमहानगरपालिका-७ का १९ वर्षीय साविर अन्सारी रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

प्रहरी टोलीले बिहान ४ बजे गस्ती गर्दै जाने क्रममा पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा-१९ मा बीआर ०१ बीएफ ५५८१ नम्बरको भारतीय कार चालक अन्सारीलाई सुरक्षाजाँच गर्दा कारमा लुकाइछिपाई ल्याएको अवस्थामा गाँजा फेला परेको हो। उक्त गाँजासहित अन्सारीलाई नियन्त्रणमा लिएर जिल्ला अदालत मकवानपुरबाट १० दिनको म्याद लिई थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

यस्तै, मकवानपुर प्रहरीले लागूऔषध चरेससहित एकजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा धादिङको गजुरी गाउँपालिका-८ का ३१ वर्षीय प्रशान्त तामाङ रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। मंगलबार बिहान ८ बजेर ४५ मिनेटको समयमा इलाका प्रहरी कार्यालय भीमफेदीबाट खटिएको प्रहरी टोलीले भीमफेदी-२ स्थित भैंसे चेकपोष्टमा सडकमा सवारी साधनहरु रोकेर सुरक्षाजाँच गर्दा १५ किलो १ सय २० ग्राम चरेस बरामद गरेको हो। पालुङबाट हेटौंडातर्फ आउँदै गरेको बागमती प्रदेश ०२-०२० प ८८३३ नम्बरको मोटरसाइकल चालक तामाङलाई शंका लागेर सुरक्षाजाँच गर्दा उनले बोकेको झोलामा लागूऔषध चरेस फेला परेको प्रहरीले जनाएको छ। तामाङलाई लागूऔषधसहित पक्राउ गरेर जिल्ला अदालत मकवानपुरबाट ७ दिनको म्याद लिएर अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।


## निर्माण व्यवसायी संघ मकवानपुरको
## सदस्यता नवीकरणसम्बन्धी सूचना

नेपाल निर्माण व्यवसायी महासंघको आयोजना तथा निर्माण व्यवसायी संघ मकवानपुरको सह-आयोजनामा नेपाल निर्माण व्यवसायी महासंघको २५ औं वार्षिक साधारणसभा मिति २०८० चैत १६ र १७ गते हेटौंडामा हुन गइरहेको जानकारी गराउँदछौं। साथै यस संघको सदस्य निर्माण व्यवसायीले नेपाल निर्माण व्यवसायी महासंघको २५ औं वार्षिक साधारणसभामा सहभागी हुन मिति २०८० चैत ७ गतेसम्ममा आर्थिक वर्ष २०८०/८१ को अनिवार्यरुपमा सदस्यता नवीकरण गराउनुहुन हार्दिक अनुरोध गर्दछौं। साथै २५ औं वार्षिक साधारणसभामा सहभागी हुन अनिवार्य नवीकरण गर्नुपर्ने व्यवस्था भएअनुसार तोकिएको समय भित्रमा नवीकरण गर्नु, गराउनुहुन नवीकरण गर्न बाँकी सम्पूर्ण सदस्य व्यवसायीहरुमा जानकारी समेत गर्दछौं।

राजेन्द्रप्रसाद चौलागाई
महासचिव
निर्माण व्यवसायी संघ मकवानपुर



फ्ल्याट भाडामा चाहियो ?
तु सम्पर्क गर्नुहोस्।

हेटौंडा-५ पुष्पलालपार्क नजिकै सुविधा सम्पन्न फ्ल्याट (गाडी पार्किङसहित ३ वटा बेडरुम, एउटा बैठक कोठा, अट्याच बाथरुम) खाली रहेकोले आवश्यक व्यक्तिले तु सम्पर्क गर्नुहोला।

सम्पर्क नं.
९८४५४८८३४४



## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-बाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ